# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रैंड्क्रसराम, चितवन
बागमती प्रदेश, नेपाल


प.सः ०८१/०८२
च.नः

मितिः २०८२/०२/०५

विषयः प्राविधिक शिक्षा छात्रवृत्तीको लागि निवेदन दिने सम्बन्धी सूचना ।

कालिका नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रममा प्राविधिक शिक्षामा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुको लागि छात्रवृत्ती प्रदान गर्ने कार्यक्रम रहेकाले यस कालिका नगरपालिकामा स्थायी वसोवास भएका शैक्षिक सत्र २०८१/०८२ मा प्राविधिक शिक्षा तर्फ डिप्लोमा/स्नातक तहमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुले तोकिएको बमोजिमको निवेदन यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कालिका नगरपालिका शिक्षा शाखामा पेश गर्न हुन प्राविधिक शिक्षा छात्रवृत्ती वितरण कार्यविधि २०७७ को दफा-७ (१) बमोजिम सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपशिलः

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

- एस एल सि/एस इ इ तथा कक्षा ११-१२ वा डिप्लोमा तह वा प्रविणता प्रमाण पत्र तह उतीर्ण गरेको मार्कसित/ ग्रेड सिट र प्रमाण पत्र
- कालिका नगरपालिकामा स्थायी वसोवास रहेका प्रमाण जन्म दर्ताको प्रमाण पत्र /नागरिकताको प्रमाण पत्र /वसाई सराइको प्रमाण पत्र
- सम्बन्धित वडावाट आर्थिक रुपमा विपन्न भएको सिफारिस पत्र
- सम्वन्धित वडावाट जातीगत (दलित आदिवासी जनजाती अन्तर्गत लोपोन्मुख सिमान्तकृत) भए सो को प्रमाण पत्र
- अपाङ्गताको हकमा अपाङ्गताको परिचय पत्रको प्रतिलिपि
- एस एल सी/एस इ इ सामुदायिक विद्यालयवाट उतीर्ण भएको प्रमाण तथा सिफारिस पत्र
- विश्वविद्यालय कलेज वा प्राविधिक शिक्षालय वा विद्यालयमा भर्ना गरेको प्रमाण र कलेज वा शिक्षालयमा निरन्तर अध्ययन गरिरहेको ८०% उपस्थिति भएको प्रमाण/सिफारिस पत्र
- भर्ना भई सेमेस्टर वा वार्षिक परीक्षा दिइसकेको विद्यार्थीको हकमा सेमेस्टर उतीर्ण/वार्षिक परीक्षा उतीर्ण मार्कसिट वा प्रमाण पत्र

२०८२/२/०५

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

अनुसूची ३

**प्रतिवद्धता पत्र**

यस कालिका नगरपालिका वडा नं .......... निवासी .................................... ...................... .......... .......... को नाती/ नातिनी .................................................. ..............................को छोरा/ छोरी म........................................ ............................................................ ले नगरपालिकाबाट वितरण हुने प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको अवस्थामा अध्ययन समाप्ति पश्चात नगरपालिकाले तोकेको स्थानमा कम्तिमा एक वर्ष स्वयम सेवा गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

औंठाको छाप

दायां बायां

नामः

दस्तखतः

मितिः

रोहवरः छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिको परिवारको सदस्य

दस्तखतः

नामः

नाताः